**कोरोना भाइरससम्बन्धी गण्डकी प्रदेशको अवस्था**
**कास्की । ०७७ वैशाख १० गते**
गण्डकी प्रदेशमा वैशाख १० गते सम्म ४ हजार ५ सय ५५ जनाको र्‍यापीड डाइगनोष्टिक टेष्ट किटबाट कोरोना परीक्षण गरिएको जानकारी गण्डकी प्रदेश स्वास्थ्य निर्देशनालयका निर्देशक डा. बिनोदविन्दु शर्माले दिनुभएको छ ।

**इन्सेक बागलुङ जिल्ला प्रतिनिधि सृजना पन्त**का अनुसार बागलुङकी प्रथम कोरोना सङ्क्रमित १९ वर्षीया युवतीको स्वाब पुन:परीक्षणको लागि पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान पठाइएको छ । यस अघि पनि उहाँको स्वाब परीक्षण गर्दा रिपोर्ट पोजेटिभ आएको थियो । वैशाख १० गते बागलुङ जिल्लाका विभिन्न स्थानमा रहेका ११ जना मुस्लिम समुदायका व्यक्तिहरूको र्‍यापीड डाइगनोष्टिक टेष्ट किटबाट कोरोना परीक्षण गरिएको छ भने सबैको रिपोर्ट नेगेटिभ आएको स्वास्थ्य कार्यालय बागलुङका प्रमुख सुरज गुरौले जानकारी दिनुभयो ।

**इन्सेक कास्की जिल्ला प्रतिनिधि सुशन घिमिरेका** अनुसार कास्कीमा वैशाख १० गते सम्म र्‍यापीड डाइगनोष्टिक टेष्ट किटबाट ६ सय ६२ जनाको परिक्षण गरिएको छ । १ सय ५७ जनाको स्वाब परीक्षण गरिएकोमा १ सय ५२ जनाको रिपोर्ट नेगेटिभ आएको छ भने पाचँ जनाको रिपोर्ट आउन बाँकी रहेको गण्डकी प्रदेश स्वास्थ्य निर्देशनालयका निर्देशक डा. बिनोदविन्दु शर्माले जानकारी दिनुभयो ।

**इन्सेक गोरखा जिल्ला प्रतिनिधि हरिराम उप्रेती**का अनुसार शहिद लखन गाउँपालिकाको सामूहिक क्वारेण्टाइनमा बसेका सात जनाको र्‍यापीड डाइगनोष्टिक टेष्ट किटबाट कोरोना परीक्षण गरिएको छ । जलदेवी मावि तीनमानेको क्वारेण्टाइनमा बसेका चार जना, हिमालय मावि घैरुङको क्वारेण्टाइनमा बसेका दुई जना र रिन्जाली महिला समूहको क्वारेण्टाइनमा रहेका एक जनाको र्‍यापीड टेष्ट गरिएको र सबैको रिपोर्ट नेगेटिभ आएको शहिद लखन गाउँपालिका स्वास्थ्य शाखाका कर्मचारी विरेन्द्र श्रेष्ठले बताउनुभयो । उनीहरूलाई अनिवार्य एक हफ्ता होम क्वारेण्टाइनमा बस्नुपर्ने निर्देशनका साथ घर पठाइएको श्रेष्ठले जानकारी दिनुभयो ।
गाउँपालिकाले विदेशबाट फर्किएका मात्र नभइ अन्य जिल्लाबाट आएका नवआगन्तुकलाई पनि अनिवार्य क्वारेण्टाइनमा बस्नुपर्ने निर्णय गरेको छ । हाल सम्म २७ जना रहेको उक्त सामूहिक क्वारेण्टाइनमा गत वैशाख ४ गते गरिएको तीन जनाको स्वाब परीक्षणको रिपोर्ट नेगेटिभ आएपछि उनीहरूलाई घर पठाइएको श्रेष्ठले बताउनुभयो ।
वैशाख १० गते जिल्लाका ५५ जना सुरक्षाकर्मीको पनि र्‍यापीड टेष्ट भएको र सबैको रिपोर्ट नेगेटिभ आएको एसपी ओम अधिकारीले बताउनुभएको छ ।
'फ्रन्टलाईनमा काम गर्ने स्वास्थ्यकर्मी र सुरक्षाकर्मी पनि हुन्,'-अधिकारीले भन्नुभयो,-'कामको क्रममा धेरै जनासँग सम्पर्क रहने सुरक्षाकर्मीको पनि स्वास्थ्य परीक्षण गराएका छौँ ।' जिल्ला प्रहरी कार्यालयमा कार्यरत अन्य प्रहरीको पनि स्वास्थ्य जाचँ हुने उहाँले बताउनुभयो ।

**इन्सेक नवलपरासी (बर्दाघाट सुस्ता पूर्व) जिल्ला प्रतिनिधि तिर्थराज डुम्रे**का अनुसार वैशाख १० गते २ सय ४९ जनाको र्‍यापीड डाइगनोष्टिक टेष्ट भएको छ । योसँगै जिल्लामा हालसम्म ७ सय ४७ जनाको र्‍यापीड डाइगनोष्टिक टेष्ट किटबाट कोरोना परीक्षण गरिएको छ । हालसम्म जिल्लामा ४५

जनाको स्वाब परीक्षण गरिएका र सबैको रिपोर्ट नेगेटिभ देखिएको जिल्ला स्वास्थ्य कार्यालय नवलपरासी (बर्दघाट सुस्ता पूर्व) का प्रमुख केशवप्रसाद चापागाईंले बताउनुभयो । जिल्लामा लकडाउनको पूर्णरूपले पालना भएको छैन । अहिले राजमार्गमा मोटरसाइकलको चाप बढेको छ ।

**इन्सेक पर्वत जिल्ला प्रतिनिधि सन्तोष थापा**का अनुसार जिल्लामा लकडाउनमा कडाइ गरिएको छ । जिल्ला प्रहरी कार्यालय पर्वतले लकडाउन उल्लङ्घन गर्ने १८ जनालाई कारवाही गरेको छ । त्यस्तै लकडाउनका कारण अलपत्र परेका मजदुर र पैदलयात्रीलाई खाना खुवाउन पर्वतका पाँच स्थानीयतहमा स्थानीयतहकै समायोजन र व्यवस्थापनमा मेसको स्थापना गरिएको छ ।
मुख्य सडक र जिल्ला वारपार हुने पर्वतका दुई नगरपालिका र तीन गाउँपालिकमा मेस सञ्चालनमा आएको जिल्ला प्रशासन कार्यालय पर्वतले जनाएको छ । मोदी गाउँपालिका, कुश्मा नगरपालिका, जलजला गाउँपालिका, फलेबास नगरपालिका र बिहादी गाउँपालिकामा मेस स्थापना गरिएको छ ।
घर जान डिँहेका र काम नपाएर अलपत्र परेका मजदुरलाई आवासको सुविधा सहितको मेस सञ्चालनमा आएको प्रमुख जिल्ला अधिकारी कल्पना घिमिरे नेपालले जानकारी दिनुभयो ।
लकडाउनमा कडाइ गरिएपछि मजदुरहरू कालीगण्डकीको किनारै किनार घर हिँड्पछि फलेबास नगरपालिका र बिहादी गाउँपालिकामा मेस राखेर खाना खुवाइएको थियो । पछिल्लो समयमा सडकमा हिँड्का मजदुरलाई खाना खुवाउने र यातायातका साधनमा चढाएर घर जान समेत दिन थालिएपछि मोदी र कुश्मामा बढी चाप हुन थालेको छ । मोदीमा दैनिक रूपमा मजदुरहरूलाई खाना खुवाउने काम चलिरहेको छ ।
मजदुरलाई खाना खुवाउन व्यवसायीहरूको पहलमा खाद्य बैंक स्थापना गरिएको छ । पर्वत उद्योग वाणिज्य सङ्घले त्यसको समायोजन गरिरहेको छ । सङ्घले नगद ५० हजार दिएर सुरू गरेको बैंकमा आवश्यकताका आधारमा व्यवसायीहरूले सहयोग गरिरहेका छन् ।

**इन्सेक तनहुँ जिल्ला प्रतिनिधि प्रकाशचन्द्र भट्टराई**का अनुसार तनहुँमा वैशाख १० गते सम्म ५ सय ६० जनाको र्‍यापीड डाइगनोष्टिक टेष्ट किटबाट कोरोना परीक्षण गरिएको छ । जिल्लाको १० ओटै स्थानीयतहमा विदेशबाट आउने व्यक्तिको आरडीटी किटबाट कोरोना परीक्षण भइरहेको छ । तनहुँमा विदेशबाट आएका ८ सय २३ जना मध्ये ५ सय ६० जनाको किटबाट परीक्षण गरिसकिएको र सबैको रिपोर्ट नेगेटिभ आएको स्वास्थ्य कार्यालय तनहुँका प्रमुख शंकरबाबु अधिकारीले बताउनुभयो ।
उहाँले वैशाख १० गते सम्म जिल्ला भरी १८ जनाको स्वाब परीक्षण गरिएको र सबैको रिर्पोट नेगेटिभ आएको जानकारी दिनुभएको छ ।
दमौली अस्पतालमा वैशाख १० गते सेनेटाइजर टनेल स्थापना गरिएको छ । अस्पतालमा उपचारकोलागि आउने बिरामीलाई सङ्क्रमणबाट जोगाउन अस्पतालको मुख्यद्वारमा सेनेटाइजर टनेल स्थापना गरिएको अस्पताल व्यवस्थापन समितिका अध्यक्ष प्रदिपराज अधिकारीले बताउनुभयो ।

**इन्सेक म्याग्दी जिल्ला प्रतिनिधि अमृतप्रसाद पौडेल**का अनुसार वैशाख १० गते सम्म म्याग्दी जिल्लामा १ सय ५० जनाको र्‍यापीड टेष्ट गरिएको र सबैको रिपोर्ट नेगेटिभ आएको बेनी अस्पतालका ल्याब टेक्निसियन ध्रुव गिरीले बताउनुभयो । जिल्लाका सबै स्थानीयतहमा लकडाउनमा कडाइ गरिएको छ भने जिल्ला भित्र कोही नयाँ व्यक्तिको प्रवेश भएमा १४ दिन क्वारेण्टाइनमा बस्नुपर्ने निर्णय भएको छ ।

**इन्सेक लमजुङ जिल्ला प्रतिनिधि दलबहादुर मजाकोटी**का अनुसार वैशाख १० गते जिल्लाका विभिन्न स्थानमा रहेका फिभर क्लिनिकबाट ४६ जनाले सेवा लिएका छन् भने एक जनाको र्‍यापीड डाइगनोष्टिक टेष्ट गरिएको छ । बेसिशहर नगरपालिकाको क्वारेण्टाइनमा थप ६ जना र क्व्होलासोथारगा गाउँपालिकाको क्वारेण्टाइनमा १० जनालाई राखिएको छ । हालसम्म जिल्लामा २ सय ४ जनाको र्‍यापीड डाइगनोष्टिक टेष्ट किटबाट कोरोना परीक्षण गरिएको छ ।

**इन्सेक गण्डकी प्रदेश कार्यालय, पोखरा**